आठराई त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

(कोशी प्रदेश, नेपाल)

प.सं. :- ०८२/०८३

च.नं. :-

मिति:- २०८२/०८/०१ गते

सुचना ! सुचना !! सुचना !!!

पहिलो पटक प्रकाशित मिति २०८२/०८/०१

आठराई त्रिवेणी गाउँपालिकाको आ.व.२०८२/०८३ को स्विकृत कार्यक्रम बमोजिम ७ वटा स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्यक्रम संचालन गर्नु पर्ने भएको हुदा नेपाल सरकारको विद्धमान सार्वजनिक खरिद ऐन तथा नियामावलीको परिधि भित्र रहि सेवा खरिद गर्नु पर्ने भएकाले तपशिलमा उल्लेखित योग्यता पुगेका संस्था वा परामर्शदाताले नियामानुसार सुचना प्रकाशित भएको मितिले ७औ दिन विदापरेमा भोलिपल्ट दिनको १२ बजे भित्रमा परियोजना प्रत्ताव र आर्थिक प्रस्तावना सहित कार्यालयमा पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल:

१. न्युनतम शैक्षिक योग्यता स्नातक तह वा सो सरहको हुनु पर्ने र सोको प्रतिलिपी पेश गर्नु पर्ने ।

२. सामाजिक परिचालनको तालिम लिएको तथा गोष्टीहरुमा सहजिकरण कार्यमा कम्तिमा ५ बर्षको अनुभव भएको प्रमाणको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. स्वास्थ्य संस्थाको सामाजिक परिक्षण कार्यक्रममा आ.ब. २०८०/८१ र २०८१/८२ मा २/२ वटा जम्मा ४ वटा नगरपालिका/गाउँपालिकाहरु संग भएका सम्झौता/कार्यादेश प्रतिलिपीहरु समेत पेश गर्नु पर्नेछ।

४. सुचना संकलन, विश्लेषण तथा प्रतिवेदन लेख्ने सीप र अनुभव भएको हुनु पर्नेछ।

५. स्थानिय तहका बैठक, अभिमुखिकरण र गोष्ठीहरुको सहजीकरण गर्न सक्ने हुनुपर्नेछ।

६. आन्तरिक राजश्व कार्यालयको मु.अ.कर दर्ता प्रमाण पत्र साथै गत आ.ब. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

७. यस आ.व. मा संस्था नविकरण भएको प्रमाण पत्र को प्रतिलिपी समेत पेश गर्नुपर्नेछ।

८. कार्यालय द्वारा तयार गरीएको कार्यक्षेत्रगत शर्त (TOR) अनुसार आर्थिक प्रस्तावना पेश गर्नु पर्नेछ।

९. माथी उल्लेखित कागजात नपुगेका निवेदन उपर कारवाही हुने छैन।

०८२/०८/०१

.....................

समिर प्रधान

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण कार्यक्रमको कार्यान्वयन गर्ने सेवा प्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त ।**

**१.कार्यक्रमको पृष्ठभुमी:**यस आठराई त्रिवेणी गाँउपालिकाको आ.ब.२०८२/०८३ को कार्यक्रम अर्न्तगत स्वास्थ्य क्षेत्रको लागि सामाजिक परीक्षण कार्यक्रम यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण गरी स्वाथ्य संस्थाहरुको सेवा प्रभावमा अझ सहज र प्रभावकारी बनाउने कार्य अर्न्तगत ईच्छुक संस्था,परार्मश सेवा केन्द्र,सेवा प्रदायक संस्थाहरुको छनौट गरी यस कार्यक्रम कार्यान्वयन गर्ने सकने अनुभवी योग्य तथा क्षमता भएका सेवा प्रदायक संस्थाहरु छनौटको लागि यो कार्यक्षेत्रगत शर्त (TOR) त्यार गरिएको छ ।

**सेवाप्रदाय संस्थाको संस्थागत योग्यता तथा ज्ञान सिपको विवरण :**

क.सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको ।

ख.प्रस्तावित कार्य गर्न आवश्यक पर्ने जनशत्ति,उपकरण र भौतिक सुविधा भएको ।

ग.यस भन्दा पहिला यस्तै प्रकृतिका लगातार २ आ.व.सम्म काम गरेको ४ वटा न.पा वा गा.पा संगको सम्झौता र कार्यदेशको प्रतिलिपी समेत भएको हुनुपर्ने ।

घ.नियमानुसार संस्था दर्ता भई नविकरण गरेको र करमा समेत आवद्ध भएको साथै कर चुक्ता प्रमाण पत्र समेत पेश गर्नु पर्ने छ ।

**२.कार्यक्षेत्र: आठराई त्रिवेणी गाँउ**पालिका भित्रका बर्थिङ्ग सेन्टर र नन बर्थिङ्ग सेन्टर भएका स्वास्थ्य संस्थाहरु ।

**३.अनिवार्यरुपमा पुरा गर्नु पर्ने पुर्व शर्तहरु :**

क.सेवा प्रदायक संस्थाले यस गाँउपालिका भित्रको स्वास्थ्य चौकी ७ वटा जम्मा ७ वटा संस्थाहरुको सामाजिक परीक्षण कार्यक्रम अनिर्वाय गर्नुपर्ने छ ।

ख.सेवाप्रदायक संस्थाले गाँउपालिका,वडा कार्यालय र स्वास्थ्य संयोजक संग नियमितरुपमा सर्म्फक समन्वयमा रही कार्यगर्नु पर्ने छ ।

ग.सेवा प्रदायक संस्थाले संम्झौतामा उल्लेख भएको समयमा कार्य सम्पन्न गरी सम्पन्न प्रतिवेदन गाउँपालिकामा बुझाउनु पर्ने छ ।

**४.प्रस्तावनाको ढाँचा :तल उल्लेख गरिएका विषयमहरुमा विवरण पेश गर्नु होला ।**

क.कार्यक्रम संचालनहुने जिल्ला र नगरपालिकाको वारेमा छोटो जानकारी ।

ख.कार्यक्रमको लक्ष्य र उद्देश्य सम्वन्धमा ।

ग.सेवा प्रदायक संस्थाको जन शत्तिको विवरण योग्यता र अनुभव ।

घ.संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरु । ङ.कार्यक्रमको दिगोपना ।

च.कार्यक्रमा सहभागीहरुको विवरण । छ.कार्यक्रमको पारदर्शिता वारे जानकारी ।

ज.प्रतिवद्धता वा स्वघोष ।

आठराई त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हाङपाङ, ताप्लेजुङ कोशी प्रदेश, नेपाल

**५.सामाजिक परिक्षणको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा**

| क्र.सं. | विवरण | परिमाण | एकाई | दिन/सेशन | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **मानव संशाधन परिचालन** | | | | | | |
| | सामाजिक परीक्षक पारिश्रमिक | | जना | | | | |
| | | | | | **जम्मा** | | |
| २ | **स्वास्थ्यकर्मी र ब्यवस्थापन समितिलाई अभिमु खिकरण र सहयोग समिति गठन अभिलेख अध्ययन र अवलोकन छलफल प्रथम दिन ।** | | | | | | |
| २.१ | सहभागि चिया नास्ता | | जना | | | | |
| २.२ | सहभागी स्टेशसनरी | | जना | | | | |
| | | | | | **जम्मा** | | |
| ३. | **स्वास्थ्यकर्मी र सहयोग समिति संग संस्थाको अभिलेख अध्ययन र अवलोकन छलफल -दोस्रो दिन)** | | | | | | |
| ३.१ | सहभागी चिया नास्ता | | जना | | | | |
| | | | | | **जम्मा** | | |
| ४. | **स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण कार्यक्रमको आम भेलामा संक्षिप्त प्रतिवेदन पेश र कार्ययो जना तयार तेस्रो दिन दिउसो ।** | | | | | | |
| ४.१ | सहभागी चिया नास्ता | | जना | | | | |
| | | | | | **जम्मा** | | |
| ५ | **सामाजिक परीक्षण कार्यक्रम** | | | | | | |
| क | स्टेशनरी , फोटोकपी र व्यानर खर्च | | स्थान | | | | |
| ख | प्रतिवेदन तयार र खर्च( चौथो दिन) | | वटा | | | | |
| | | | | | **जम्मा** | | |
| | | | | | **मूल्यअभिबृद्धी कर सहीतको कुल जम्मा प्रस्तावित बजेट** | | |

**५.प्रस्तावनाको मूल्यांकन गर्ने तरिका:** प्राप्त भएका प्रस्तावनाहरुको मूल्यांङन प्राविधिक तथा आर्थिक प्रस्तावनाको आधारमा गरिने छ ।

**६.आवश्यक कागजातहरु:**

सरकारी निकायमा व्यावसाय दर्ता र नविकरण भएको, जिल्ला स्वास्थ्य कार्यालयमा समेत सूचिकृत भएको,स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षणको कम्तीमा २ वर्षको अनुभव भएको, आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको,नियामानुसार आ.व.२०८१/२०८२ को कर चुक्ता प्रमाण पत्र, न्यूनतम शैक्षिक योग्यता स्नातक तह वा सो सरहको हुनुपर्ने,सामाजिक परीचालनको तालिम लिएको तथा गोष्टीहरुमा सहजीकरण कार्यमा कम्तीमा ५वर्ष सम्मको अनुभव भएको प्रमाणको प्रतिलिपी पेश गर्नुपर्ने र लगातार २ आ.ब.२०८०/२०८१ र २०८१/२०८२ मा २/२ वटा जम्मा ४ वटा गा.पा.,न.पा. र अस्पतालहरुमा स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गरेको सम्झौता पत्र र कार्यदेश को प्रतिलिपि समेत पेश गर्नु पर्ने छ साथै परियोजना प्रस्तावना र आर्थिक प्रस्तावना एकै साथ पेश गर्नु पर्ने छ माथि उल्लेखी कागजात रित पूर्वकपेश भएको प्रस्तावकको प्रस्तावना मात्र स्वीकृत हुने छ साथै कार्यक्रम संचालन सर्म्वन्धि संम्झौता गर्दा पारिश्रमीक र अन्य करको वारेमा सार्वजनिक खरिद ऐन अनुसार गरिने छ ।

Scanned with CamScanner